# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


NEPAL RASTRA BANK नेपाल राष्ट्र बैंक असतो मा सद्गमय Estd.2013 CENTRAL OFFICE FOREIGN EXCHANGE MANAGEMENT DEPT.

इ.प्रा. परिपत्र संख्या : ०७/२०७९-८०

मितिः २०७९/०५/२९

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा संलग्नबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

२०७९/०५/२९

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०) श्री नेपाल उद्योग परिसंघ ।
११) श्री नेपाल चेम्बर अफ कमर्स ।
१२) श्री नेपाल बैंकर्स संघ ।
१३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

**विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा संशोधन सम्बन्धमा**

| दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| एकीकृत इ.प्रा. परिपत्र : ०७/२०७८ को दफा ४ | भिसा वापत संकलित नेपाली रुपैयाको सटही सुविधा सम्बन्धी व्यवस्था:<br>नेपालस्थित विदेशी राजदुतावास/ नियोगहरूले भिसा दस्तुर वापत संकलन गरेको नेपाली रुपैयाँ बरावरको विदेशी मुद्रा आफ्नो राष्ट्रमा पठाउनु पर्दा सम्बन्धित विदेशी राजदुतावास/नियोगको आधिकारिक अनुरोध पत्रको आधारमा सम्वन्धित बैंकले यस्तो सटही उपलब्ध गराउन सक्नेछ ।<br><br>यस्तो सटहीको विवरण महिना समाप्त भएको १५ दिन भित्र अनिवार्य रुपमा यस विभागलाई उपलब्ध गराउनु पर्नेछ । | भिसा वापत संकलित नेपाली रुपैयाँको सटही सुविधा सम्बन्धी व्यवस्था:<br>क) नेपालस्थित विदेशी राजदुतावास/ नियोगहरूले भिसा दस्तुर वापत संकलन गरेको नेपाली रुपैयाँ बरावरको विदेशी मुद्रा आफ्नो राष्ट्रमा पठाउनु पर्दा सम्बन्धित विदेशी राजदुतावास/नियोगको आधिकारिक अनुरोध पत्रको आधारमा सम्बन्धित बैंकले यस्तो सटही उपलब्ध गराउन सक्नेछ ।<br>यस्तो सटहीको विवरण महिना समाप्त भएको १५ दिन भित्र अनिवार्य रुपमा यस विभागलाई उपलब्ध गराउनु पर्नेछ ।<br><br>**ख) eVisa प्रणालीबाट भिसा आवेदन लिने व्यवस्था गरेका मुलुकले सो कार्य गर्न नेपालस्थित अन्य संस्थालाई तोकेमा देहायबमोजिमका शर्तहरु पालना हुने गरी त्यस्ता तोकिएका संस्थाहरुमार्फत् भिसा बापत संकलित रकमको लागि बैंक तथा वित्तीय संस्थाबाट जारी विद्युतीय/डिजिटल कार्डमार्फत सटही सुविधा प्रदान गर्न सकिने छ :**<br>(१) भिसा शुल्कबापत संकलित रकम त्यस्तो कार्डबाट भुक्तानी हुने गरी सिधै विदेशी मुलुकका सरकारी निकायको तोकिएको परिवर्त्य विदेशी मुद्राको खाता वा सम्बन्धित देशको नेपालस्थित दूतावास/नियोगको तोकिएको परिवर्त्य विदेशी मुद्राको खातामा मात्र जम्मा हुनु पर्नेछ । सोका लागि उल्लिखित भुक्तानीको व्यवस्था स्पष्टरुपमा खुल्ने सम्बन्धित मुलुक वा नेपालस्थित दूतावास/नियोगको पत्र समेत आवश्यक पर्नेछ ।<br>(२) यस्तो कार्डबाट अन्य कुनै पनि प्रयोजनका लागि भुक्तानी नहुने व्यवस्था गर्नु पर्नेछ ।<br>(३) यस्तो कार्डको म्याद eVisa Processing सम्बन्धी कार्य गर्नको लागि तोकिएको अवधिभन्दा बढी नहुने व्यवस्था गर्नु पर्नेछ ।<br>(४) यस्तो कार्डबाट एकै पटक वा पटक-पटक गरी भुक्तानी हुन सक्नेछ र यस एकीकृत परिपत्र-२०७८ मा अन्यत्र उल्लिखित कुनै पनि रकम भुक्तानीसम्बन्धी सीमा लागू हुने छैन ।<br>(५) कार्ड जारी गर्न Link गरिएको ने.रु. खाताको मौज्दात र कार्डबाट भुक्तानी भएको रकमको विवरण दैनिक रुपमा हिसाब मिलान हुनु पर्नेछ ।<br>(६) वैदेशिक रोजगारीमा जाने नेपालीहरुको eVisa Processing को भिसा शुल्क भुक्तानी गर्दा नेपाल सरकार र सम्बन्धित देशबीच भएको सम्झौतामा उल्लिखित भिसासम्बन्धी सम्पूर्ण व्यवस्थाहरुको पालना हुनु पर्नेछ ।<br><br>ग) eVisa प्रणाली अन्तर्गत भिसा आवेदक नेपालीले eVisa प्रणालीमा तोकिए बमोजिम शुल्क भुक्तानी (आफ्नो एकाघर परिवार सदस्यको लागि समेत) आफ्नो नाममा एकीकृत इ.प्रा. परिपत्र ०७/२०७८ र १४/२०७८ बमोजिम जारी भएका परिवर्त्य विदेशी मुद्राको विद्युतीय कार्ड (प्रिपेड, डेबिट, क्रेडिट, अमेरिकी डलर ५०० को प्रिपेड कार्ड) बाट गर्न चाहेमा समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ । यस व्यवस्था अन्तर्गतको भुक्तानीमा भने सम्बन्धित कार्डका लागि तोकिएको रकम खर्च गर्ने सीमा लागू हुनेछ । |